Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: २९ | वि.सं. २०८३ वैशाख २९ मंगलवार | नेपाल संवत्: ११४५, ज्येष्ठ कृष्ण दशमी | Tuesday 12 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## बाँकेमा सुरक्षित वैदेशिक रोजगारीबारे सचेतना बढ्दै



**सरला सुवेदी**
**बाँके, २८ बैशाख ।**

बाँके जिल्लामा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले सञ्चालन गरिएको आप्रवासी स्रोत केन्द्र प्रभावकारी बन्दै गएको छ। जिल्ला प्रशासन कार्यालय बाँकेमा सञ्चालित उक्त केन्द्रबाट चालू आर्थिक बर्षको हालसम्म ६ हजार २ सय ५६ जनाले सेवा लिएका छन्। सेवा लिनेहरूमा ४ हजार ४ सय १८ पुरुष र १ हजार ८ सय ३८ महिला रहेका छन्।

वैदेशिक रोजगारीमा जान इच्छुक तथा तयारी अवस्थामा रहेका नागरिकलाई आवश्यक सूचना, परामर्श र कानुनी जानकारी उपलब्ध गराउँदै आएको केन्द्रले पछिल्लो समय सर्वसाधारणको विश्वास जित्दै गएको देखिएको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेको केन्द्रले वैदेशिक रोजगारीसँग सम्बन्धित सम्भावित जोखिम, प्रक्रिया, कानुनी व्यवस्था तथा सुरक्षित श्रम आप्रवासनका विषयमा परामर्श प्रदान गर्दै आएको छ। सूचना तथा परामर्शकर्ता आस्था पोखरेलका अनुसार केन्द्रमा आउने अधिकांश व्यक्तिहरू वैदेशिक रोजगारीका लागि विभिन्न देश जान चाहने सम्भावित कामदार हुन्। उनीहरूलाई श्रम स्वीकृति, म्यानपावर कम्पनी छनोट, रोजगार सम्झौता, बीमा, श्रमिक अधिकारलगायत विषयमा जानकारी दिने गरिएको उनले बताए।

"वैदेशिक रोजगारीमा जाने सम्भावित कामदारलाई काउन्सिलिङ्ग गरेर सुरक्षित तरिकाले जान आवश्यक जानकारी दिन्छौं," पोखरेलले भने, "ठगीबाट जोगिन, सही प्रक्रिया अपनाउन र समस्या परे कहाँ सम्पर्क गर्ने भन्नेबारे पनि जानकारी गराइन्छ।"

२०७५ सालदेखि सञ्चालनमा

बाँकी ३ पेजमा

### संघीय सरकारको नीति तथा कार्यक्रम

# कर्णालीको पर्यटन प्रवर्द्धन र बिजुली उत्पादनमा प्राथमिकता

**ओम शाही**
**सुर्खेत, २८ बैशाख ।**

संघीय सरकारले आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम ल्याएको छ। सोमबारदेखि सुरु भएको संघीय संसदको बजेट अधिवेशनको पहिलो बैठकमार्फत राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। २३-२४ भदौ २०८० को जेन-जी विद्रोहले भएको चुनावबाट आएको रास्वपा नेतृत्वको बहुमत सरकारले यस पटक विगतभन्दा फरक ढङ्गबाट आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ।

विगतमा कार्यक्रमगत ढाँचामा प्रस्तुत हुने नीति तथा कार्यक्रम यसपटक रणनीतिक बुँदाहरुमा कार्यक्रम समावेश गरिएको छ। संघीय सरकारको नीति तथा कार्यक्रमका केही नीतिगत बुँदाहरुमा कर्णालीका केही कार्यक्रमहरु पनि समावेश भएका छन्। समग्रमा, वार्षिक नीति तथा कार्यक्रममा कर्णालीलाई विशेषगरी पर्यटन, जलविद्युत, जडीबुटी, कृषि, सडक पूर्वाधार, डिजिटल पहुँच र दुर्गम क्षेत्र विकासको केन्द्रमा राखिएको देखिन्छ। संघको नीति तथा कार्यक्रममा समावेश भएका ती कुरा के-के हुन् र कसरी सम्बोधन हुन्छ हेरौं।

नीति तथा कार्यक्रममा पर्यटनतर्फ कर्णाली, सुदूरपश्चिम र मधेशलाई थप प्राथमिकतामा राखी



नयाँ गन्तव्यहरुको प्रवर्द्धन गर्ने भनिएको छ। यसमा कर्णालीका परिचित रारा, सेफोक्सुण्डो, बुलबुले, काँक्रेबिहार लगायतका पर्यटकीय स्थलहरु बाहेकका गन्तव्य प्रवर्द्धनमा सहयोग पुग्ने छ। कर्णालीमा प्राकृतिक तालतलैया, पूरातात्विक संरचनाबाहेक पनि थुप्रै पर्यटकीय गन्तव्य छन्। जसको प्रवर्द्धनमा अहिलेसम्म गरिएको प्रयास सफल भएका छैनन्।

कर्णालीका कयौं पर्यटकीय गन्तव्यहरु भरपर्दो सडक पूर्वाधार र उत्कृष्ट हस्पिटालिटी नहुँदा ओझेलमा परेका छन्। हिमाली र मध्यपहाडी क्षेत्रमा थप १० नयाँ पदमार्ग पहिचान गरी प्रवर्द्धन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। कर्णाली प्रदेशमा चार वटा हिमाली र ६ वटा मध्यपहाडी

बाँकी ३ पेजमा

### विजुली उत्पादनमा प्राथमिकता

सरकारले आगामी १० वर्षभित्र ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम तय गरेको छ। सरकारले तय गरेको यो नीति कार्यान्वयनको चरणमा प्रवेश गरेको खण्डमा कर्णालीमा खेर गइरहेका खोलानालामा जलविद्युत आयोजना गर्ने बाटो खुल्ने छ।

विभिन्न समयमा भएका अध्ययनहरुले कर्णाली र भेरी नदी बेसिनमा झण्डै १८ हजार मेगावाट बिजुली निकाल्न सकिने तथ्य झण्डै दुई दशक अघि नै बाहिर आइसकेका छन्। अर्कोतर्फ वर्षौं अघिदेखि अघि बढेका आयोजना सरकारको प्राथमिकतामा नपर्दा अघि बढ्न सकेका छैनन्।

जसका उदाहरण माथिल्लो कर्णाली, फुकोट कर्णाली, मुगु कर्णाली, हुम्ला

बाँकी ३ पेजमा

## गुडिया र अचार बनाएर आयआर्जन गर्दै महिला

**युग संवाददाता**
**दाङ, २८ वैशाख ।**

यहाँको तुलसीपुर उपमहानगरपालिका-७ निवासी टीकाकुमारी सार्की यसअघि चुलोचौकामा मात्रै सीमित थिए। घरायसी काम गर्नेबाहेक अरु केही थिएन। तर, अहिले उहाँले गुडिया बनाउन सिकेपछि दैनिकी नै फेरिएको छ। "पहिले घरमै बस्ने हुन्थ्यो, काम पनि केही हुँदैनथ्यो, तर अहिले गुडिया बनाउन थालेकी छु", उनले भने।

त्यस्तै तुलसीपुर-६ की मीना लामिछाने पनि अहिले अचार बनाउनमा व्यस्त छन्। घरमा उत्पादन भएको लसुन, खुर्सानी, पाँच, बोडीलगायतका अचार बनाएर बेच्ने गर्नुभएको छ। उहाँहरु यसरी उद्यममा जोडिएका छन्। आयआर्जनमा जोडिएपछि घर खर्च चलाउन पनि घरका अन्य सदस्यसँग माग्नुपर्ने अवस्थाको अन्त्य भएको छ। "पहिले केही खर्च चाहियो भने पनि घरमा



माग्नु पर्थ्यो", लामिछानेले भने, "अब त हामी आफैँ कमाउने भइसकेका छौँ।"

उनीहरु उदाहरणमात्रै हुन्। अहिले तुलसीपुरका महिलाहरू यसरी नै आयआर्जनमा जोडिएका छन्। सेवा प्रतिष्ठान दाङको आयोजना तथा सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरको आर्थिक सहयोगमा १५ दिने अचार उत्पादन तथा गुडिया निर्माण तालिम सिकेपछि महिलाहरू स्वरोजगारीमार्फत आम्दानीमा जोडिएका हुन्। तुलसीपुर ६, ७ र ९ नं वडाका महिलालाई तालिम दिइएको थियो।

जसमा २५ जना अचार बनाउने, ४७ जना गुडिया बनाउने तालिम दिएर महिलालाई हाल आयआर्जनमा जोडिएको सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरका प्रमुख गिरीराज पाण्डेले बताए। उनका अनुसार महिलाहरूले ११ प्रकारका अचार बनाउन सिकेका छन् भने नौ प्रकारका गुडिया बनाउन सिकेका छन्। खरायो, पाण्डा, गणेश, टायर कुसन, लभकुसन, फलावर कुसन, चारकुने कुसन बनाउन सिकेका हुन्। त्यस्तै बोइलर अचार, मिक्स अचार, टिमुर अचार, बोडीको अचार, करेलाको अचार, कागतीको अचार, भागो छोप, मिक्स अचार, लसुन र अदुवाको अचार बनाउन सिकेका हुन्।

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बनर र कामको विवरण,

**वैदेशिक रोजगारमा रहँदा कठिनाई उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।



## सम्पादकीय....

# कर्णालीमा निजी लगानीको भरोसा जोगाऔँ

लामो समयको चर्चाकाबीच पश्चिम सुर्खेतमा सिमेन्ट उद्योग स्थापनाको कार्य अघि बढेको छ। पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-९, स्थित सुनकाँडामा सिमेन्ट उद्योग स्थापनाको कार्यले गति लिन थालेको छ। झण्डै १५ अर्ब लगानीमा सूर्यतारा सिमेन्ट उद्योगले उद्योग स्थापनाको काम थालेको छ। यो कर्णालीका लागि उत्साहको विषय हो। राज्यको हेपाहा दृष्टिकोणका कारण कर्णालीमा ठुलो औद्योगिक लगानी भित्रन सकेको छैन। सूर्यतारा सिमेन्ट उद्योगले पूर्णता पाए यही आयोजना उत्पादन र लगानीका हिसाबले सबैभन्दा ठुलो औद्योगिक प्रतिष्ठान हुनेछ। सिमेन्ट उत्पादनका हिसाबले ठूलो सम्भावना बोकेको सुर्खेतको पश्चिम क्षेत्रमा उद्योग स्थापनाका लागि भएको यो दोस्रो प्रयास हो। यसअघि चौकुने सिमेन्ट उद्योग सञ्चालन गर्ने भनिए पनि यसले मूर्त रुप लिन सकेको छैन। व्यवसायी अजय सुमार्गीको मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिले चौकुने सिमेन्ट उद्योगको लाइसेन्स १६ वर्षदेखि होल्ड गरेर राख्दा सूर्यताराले भने छोटो समयमै उद्योगलाई पूर्णता दिने गरी तयारी थालेको छ।

आगामी १५ महिनाभित्र उत्पादन सुरु गर्ने लक्ष्य राखिएको यस उद्योगले दैनिक २४ सय टन सिमेन्ट उत्पादन गरी कर्णाली र सुदुरपश्चिममा आपूर्ति गर्ने लक्ष्य राखेको छ। ढुवानी खर्च कम हुने भएकाले स्थानीय बजारमा सिमेन्टको मूल्य घट्ने र यसले प्रत्येक्ष र अप्रत्यक्ष रूपमा पाँचदेखि ६ हजार मानिसलाई रोजगारी सिर्जना हुने जनाइएको छ। पश्चिम सुर्खेतका पहाडमा पाइने चुनढुंगाबाट गुणस्तरीय सिमेन्ट उत्पादन गर्न सकिने सम्भावना अहिलेको भने होइन। खानी विभागले २०३५ देखि २०३९ सालसम्म पश्चिम सुर्खेतमा चुनढुङ्गा परीक्षण गरेर सिमेन्ट उत्पादन गर्न तथ्य प्रमाणित गरेको थियो। त्यसयता धेरै पटक सिमेन्ट उद्योग स्थापना गर्ने चर्चा चलेका छन्। तर, ति चर्चामै सीमित छन्। सरकारले चुनढुंगा पहिचान गरेको ४७ वर्ष बितिसक्दा पनि उद्योग स्थापनाको कुनै संकेत देखा नपरेपछि उद्योग स्थापना हुनेमा स्थानीयहरु अझै आश्वस्त भइसकेका छैनन्। पछिल्लो समय सूर्यतारा सिमेन्टले पूर्वाधार निर्माणमा देखाएको चासोमा सरकारले आवश्यक पूर्वाधारमा सहजीकरण गरिदिएमा यो पश्चिम सुर्खेतको मात्र नभई समर्ग कर्णालीको आर्थिक विकासमा ठूलो टेवा पुग्ने निश्चित छ। अहिलेसम्मको वस्तुगत स्थिति अनुसार खानी क्षेत्रबाट उद्योगसम्म कच्चा पदार्थ ढुवानी गर्न पहुँच मार्ग बनि सकेको छैन।

कर्णाली प्रदेश सरकारले उद्योग र खानी क्षेत्र जोड्न पहुँचमार्ग निर्माणको काम जारी राखेको छ। यद्यपी, आयोजनाले गति भने लिन सकेको छैन। उद्योगस्थलसम्म अझै पनि बिजुली पुग्न सकेको छैन। पानीको समस्या पनि उत्तिकै छ। कतिपय पूर्वाधार निर्माणका कामहरु चरणबद्ध रुपमा हुँदै पनि छन्। तर, तिनले अपेक्षाकृत गति लिन सकेका छैनन्। उद्योगलाई आवश्यक पर्ने सबै खाले पूर्वाधार निर्माणमा सरकारकातर्फबाट बिलम्ब हुनु आफैमा बिडम्बनाको विषय हो। जबसम्म राज्यले निजी क्षेत्रलाई सुरक्षितरुपमा लगानी गर्नसक्ने वातावरण तय गर्दैन तबसम्म औद्योगिक विकासको सपना पुरा हुन सक्दैन। यसर्थ, सूर्यतारा सिमेन्ट उद्योगलाई मात्र होइन अन्य उद्योगिक ग्रामलाई सरकारकातर्फबाट बनाइ दिनुपर्ने पूर्वाधारदेखि नीतिगत व्यवस्थामा कुनै पनि छिद्र बाँकी राख्न हुँदैन। कर्णालीका अन्य सम्भावनालाई मूर्तरुप दिन निजी क्षेत्रको लगानी भित्र्याउन सरकारले विशेष प्राथमिकतासहितको प्रोत्साहन दिन आवश्यक छ। कर्णालीमा औद्योगिक विकासको युग चलाउन निजी क्षेत्रको भरोसा जोगाउन सकेमात्रै सम्भव छ।

# फैलिँदो डिजिटल युग खुम्चिँदो प्रेस



✍ नम्रता शर्मा

हरेक वर्ष मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा विश्वभर मनाइन्छ। यस वर्ष पनि नेपालसहित विश्वका विभिन्न मुलुकमा स्वतन्त्र र निष्पक्ष सञ्चारमाध्यमको महत्त्वबारे छलफल गर्दै यो दिवस मनाइयो तर विश्व प्रविधि र राजनीतिक रूपमा अगाडि बढ्दै जाँदा प्रेस स्वतन्त्रतामाथि हुने आक्रमण केवल भौतिक क्षेत्रमा मात्र सीमित छैन, अहिले अझ बढी डिजिटल क्षेत्रमा पनि बढ्दो रूपमा देखिन थालेको छ। आजको समयमा मानवअधिकार, पारदर्शिता र लोकतन्त्रको संरक्षणका लागि प्रेस स्वतन्त्रताको रक्षा अत्यन्त आवश्यक बनेको छ।

विश्वव्यापी रूपमा प्रेस स्वतन्त्रता पछिल्लो २५ वर्षकै सबैभन्दा न्यून अवस्थामा पुगेको बताइएको छ। धेरै देशमा पत्रकारहरूले कठिन तथा अत्यन्त जोखिमपूर्ण अवस्थामा काम गर्न बाध्य भएका छन्। रिपोर्टर्स विदआउट बोर्डर्स (आरएसएफ) ले सन् २००२ देखि विश्व प्रेस स्वतन्त्रता सूचकांक सार्वजनिक गर्दै आएको छ। यस वर्ष पनि आरएसएफले १८० देशलाई सञ्चारमाध्यमको बहुलता, स्वतन्त्रता, पत्रकारको सुरक्षा तथा सञ्चार क्षेत्रको कानुनी, आर्थिक र सामाजिक-सांस्कृतिक अवस्थाका आधारमा मूल्यांकन गरेको छ।

यस सूचकांकमा नर्वे ९२.७२ अंकसहित शीर्ष स्थानमा रहँदा इरिट्रिया अन्तिम स्थानमा परेको छ। विश्वका पुराना तथा ठुला लोकतान्त्रिक मुलुकहरू पनि यस क्षेत्रमा कमजोर बन्दै गएको देखिन्छ। संयुक्त राज्य अमेरिका ६४औं स्थानमा झरेको छ भने भारत १५७औं स्थानमा पुगेको छ। पत्रकारहरूमाथि बढ्दो कानुनी दबाब र राजनीतिक शत्रुताका कारण यस्तो अवस्था आएको बताइएको छ। आरएसएफको २०२६ प्रतिवेदनअनुसार विश्वव्यापी औसत अंक ५४.३ मा झरेको छ, जुन सन् २००२ देखि अहिलेसम्मकै सबैभन्दा कम हो। अहिले विश्वका आधाभन्दा बढी देशहरूलाई प्रेस स्वतन्त्रताका हिसाबले कठिन वा अत्यन्त गम्भीर अवस्थाको श्रेणीमा राखिएको छ।

विश्व प्रेस स्वतन्त्रता सूचकांकमा युरोपेली देशहरू अझै अग्रस्थानमा छन् र नर्वे शीर्षमा रहेको छ। नेपाल १८० देशमध्ये ८७औं स्थानमा रहेको छ र दक्षिण एसियामा सबैभन्दा बढी प्रेस स्वतन्त्रता भएको देशका रूपमा सूचीकृत गरिएको छ।

दक्षिण एसियाली मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरू सहभागी हुने विभिन्न क्षेत्रीय सम्मेलनहरूमा नेपाललाई श्रीलंकासँगै लोकतन्त्र र मानवअधिकारसम्बन्धी विषयहरू खुला रूपमा बहस गर्न सकिने केही मुलुकमध्ये एकका रूपमा स्वीकार गरिन्छ।

भारतीय पत्रकार रविश कुमार र सिद्धार्थ वरदराजनलगायतका पत्रकारहरूले नेपाल भ्रमणका क्रममा दक्षिण एसियामा लोकतन्त्र कमजोर बन्दै गएको र प्रेस स्वतन्त्रतामाथि खतरा बढेको विषयमा खुला रूपमा बोलेका उदाहरणहरू छन्। उनीहरूले यस्ता विषय आफ्नै देशमा खुलेर उठाउन कठिन हुने बताउने गरेका छन्।

यस वर्षको सूचकांकमा भारत १५७औं, पाकिस्तान १५३औं, बंगलादेश १५२औं, भुटान १५०औं तथा श्रीलंका १३४औं स्थानमा रहेका छन्। तालिवान शासनले निरन्तर सञ्चारमाध्यममाथि प्रतिबन्ध लगाउँदै गएपछि अफगानिस्तान १७५औं स्थानमा पुगेको छ। त्यसैले लोकतन्त्र र मानवअधिकारसम्बन्धी आवाज उठाउन नेपाल दक्षिण एसियामा तुलनात्मक रूपमा सुरक्षित स्थान हो भन्ने धारणा केही हदसम्म सत्य देखिन्छ।

नेपालले आफ्नो तुलनात्मक रूपमा राम्रो स्थानलाई केवल गौरवको विषय बनाउने कि देशभित्रै बिस्तारै मौलाउँदै गइरहेका प्रेस स्वतन्त्रतामाथिका अदृश्य खतराहरूलाई गम्भीर रूपमा समीक्षा गर्ने भन्ने प्रश्न अझै महत्त्वपूर्ण छ।

नेपालमा प्रेस स्वतन्त्रताको अवस्थाबारे हरेक वर्ष मे ३ वरिपरि प्रतिवेदन सार्वजनिक गर्ने दुई संस्था छन्- मिडिया एक्सन नेपाल र फ्रिडम फोरम।

मिडिया एक्सन नेपालले यस वर्ष सार्वजनिक गरेको 'प्रेस फ्रिडम इन पेरिल्सः राइजिङ भायलेन्स अगेन्स्ट मिडिया इन नेपाल २०२६' प्रतिवेदनअनुसार २०२५ मे ४ देखि २०२६ मे २ सम्म नेपालमा स्वतन्त्र पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर चुनौती देखिएको छ। प्रतिवेदनमा प्रेस स्वतन्त्रता उल्लंघनका ७१ वटा घटना अभिलेख गरिएको छ। तीमध्ये अधिकांश घटना बागमती प्रदेशको काठमाडौं तथा मधेस प्रदेशका सप्तरी, धनुषा र रौतहट जिल्लामा भएको उल्लेख गरिएको छ। यी क्षेत्रलाई सञ्चारकर्मीका लागि उच्च जोखिमयुक्त क्षेत्रका रूपमा चिनाइएको छ।

प्रतिवेदनले २०२५ सेप्टेम्बरमा सञ्चार गृहहरूमाथि समन्वित आक्रमण भएको तथा २०२६ मार्चमा राजनीतिक अस्थिरतासँग जोडिएर पत्रकारमाथि हिंसा भएको जनाएको छ। यस अवधिमा पत्रकारमाथि शारीरिक आक्रमण, आगजनी, राज्यद्वारा अपराधीकरण, न्यायिक अतिक्रमण तथा संस्थागत हस्तक्षेपका घटना अभिलेख गरिएको छ। पत्रकारहरूलाई चक्कु, बेल्ट र हेल्मेट प्रयोग गरी कुटपिट गरिएको तथा प्रमुख सञ्चारगृहहरूले आगजनीका कारण अर्बौं रुपैयाँ बराबरको क्षति बेहोरेका थिए।

प्रतिवेदनले विद्युतीय कारोबार ऐनको दफा ४७ प्रयोग गरेर पत्रकारहरूलाई समाचार लेखेकै कारण पक्राउ तथा मुद्दा चलाइएको उल्लेख गरेको छ। प्रेस काउन्सिल नेपालद्वारा समाचार हटाउन र पुराना सामग्री मेटाउन अदालतमार्फत अन्तरिम आदेश जारी गरिएका घटनाले पनि संस्थागत स्वतन्त्रतामाथि प्रश्न उठाएको छ।

त्यस्तै निर्वाचन आयोगले बिबिसीको वृत्तचित्र हटाउन खोजेको तथा सरकारले २६ वटा सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धले डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर प्रश्न खडा गरेको छ।

आज प्रेस स्वतन्त्रतामाथिको खतरा केवल भौतिक आक्रमणमा सीमित छैन। कृत्रिम बुद्धिमत्ता, डिजिटल निगरानी प्रविधि तथा गलत सूचना प्रवाहका कारण पत्रकारिताले नयाँ चुनौती सामना गरिरहेको छ। एआईमार्फत बनाइने डिपफेक भिडियो, नक्कली तस्बिर र झुटा समाचारहरू प्रचार, चरित्रहत्या र जनतालाई भ्रमित पार्न प्रयोग हुन थालेका छन्। विशेषगरी महिला पत्रकारहरू एआईद्वारा सिर्जित अश्लील सामग्री, नक्कली तस्बिर तथा संगठित डिजिटल दुर्व्यवहारको सिकार बन्न थालेका छन्।

त्यसैगरी विभिन्न सरकार तथा शक्तिशाली समूहहरूले पत्रकारहरूको डिजिटल गतिविधि निगरानी गर्न आधुनिक प्रविधिको प्रयोग गरिरहेका छन्। अहिले पत्रकारहरूले साइबर आक्रमण, ह्याकिङ र सामाजिक सञ्जालमार्फत अल्गोरिदम आधारित सेन्सरसिपको सामना गर्नुपरेको छ। यसले आज प्रेस स्वतन्त्रताको संरक्षण भनेको डिजिटल अधिकार, गोपनीयता तथा विश्वसनीय सूचनाको पहुँचको रक्षा गर्नु पनि हो भन्ने स्पष्ट देखाउँछ।

मिडिया एक्सन नेपालको प्रतिवेदनले राज्यका निकाय, राजनीतिक समूह तथा सरकारी अधिकारीहरूलाई प्रेस स्वतन्त्रता उल्लंघनका मुख्य जिम्मेवार पक्षका रूपमा उल्लेख गरेको छ। स्थानीय तहका प्रमुख तथा अध्यक्षहरूले स्थानीय भ्रष्टाचार र अनियमिततामाथि रिपोर्टिङ गर्ने पत्रकारहरूलाई धम्क्याएको घटनासमेत अभिलेख गरिएको छ। महिला पत्रकारमाथि लैंगिक हिंसा तथा दुर्व्यवहारका घटनाहरू पनि उल्लेखनीय रूपमा बढेको प्रतिवेदनले जनाएको छ।

धेरै पत्रकारले आफूहरूले समयमै तलब नपाउने तथा पूर्वसूचनाबिना जागिरबाट हटाइने गरेको गुनासो पनि गरेका छन्। त्यसैले प्रेस स्वतन्त्रता कुण्ठित गर्न सरकारी हस्तक्षेप मात्र होइन, सञ्चारगृहहरूले पनि पत्रकारहरूको कार्यस्थल सुरक्षा, उचित पारिश्रमिक र पेसागत सुरक्षाका विषयमा गम्भीर बन्न आवश्यक छ।

प्रतिवेदनअनुसार २०२५ मेदेखि २०२६ मेसम्मको अवधिमा नेपालमा प्रेस स्वतन्त्रताको अवस्था कमजोर बनेको छ। यद्यपि यस अवधिमा कुनै पत्रकारको हत्या नभए पनि दुई गिरफ्तारी, एक उपकरण जफत, आठ सूचना अवरोध, ५० धम्की, ६ दुर्व्यवहारका घटना तथा कानुनको दुरुपयोगका १० घटनाले ७८ पत्रकार र १० सञ्चारमाध्यम प्रभावित भएका छन्।


त्यस्तै फ्रिडम फोरमले सार्वजनिक गरेको 'इरोडिङ प्रेस फ्रिडम २०२६' प्रतिवेदनले २०२५ मे १ देखि २०२६ अप्रिल ३० सम्म प्रेस स्वतन्त्रता उल्लंघनका ९७ घटना अभिलेख गरेको छ। ती घटनाबाट १२३ पुरुष र २२ महिला पत्रकारसहित १४५ सञ्चारकर्मी तथा २० सञ्चारगृह प्रभावित भएका छन्। प्रतिवेदनले पत्रकारमाथि भएका सात प्रकारका उल्लंघनमध्ये २८ धम्की, १८ आगजनी तथा चार गिरफ्तारी र हिरासतका घटना उल्लेख गरेको छ।

त्यसैले दक्षिण एसियामा तुलनात्मक रूपमा राम्रो स्थानमा भए पनि नेपालभित्र प्रेस स्वतन्त्रताको अवस्था पूर्ण रूपमा सन्तोषजनक भन्न सकिने अवस्था छैन। देशमा भ्रष्टाचारविरुद्ध जनआक्रोशबिच उदाएको वर्तमान सरकारले स्वतन्त्र पत्रकारिता र लोकतान्त्रिक संस्थाको संरक्षणलाई विशेष प्राथमिकता दिन आवश्यक छ।

स्वस्थ सञ्चार वातावरण भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता र विधिको शासन स्थापित गर्न अत्यन्त आवश्यक हुन्छ। हालका धेरै युवा आन्दोलन र सुधारका मागहरू पत्रकारहरूले आफ्नो ज्यान जोखिममा राखेर उजागर गरेका भ्रष्टाचारका घटनाहरूबाट प्रेरित भएका तथ्यलाई पनि बिर्सन हुँदैन।

त्यसैले प्रेस स्वतन्त्रताको संरक्षण केवल पत्रकारहरूको सुरक्षा मात्र होइन, लोकतन्त्रको रक्षा पनि हो- नेपालमा मात्र होइन, विश्वभर।

*(नागरिक)*




## विश्व

# अमेरिकी राष्ट्रपति ट्रम्पद्धारा इरानको सर्त अस्वीकार, इन्धनको मूल्यमा वृद्धि

**टोकियो, २८ वैशाख।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने इरानका सर्तहरू अस्वीकार गरेपछि सोमबार एसियाली बजारमा इन्धनको मूल्य बढेको छ।

राष्ट्रपति ट्रम्पले आफ्नो पछिल्लो शान्ति प्रस्तावमा इरानको प्रतिक्रियालाई अस्वीकार गरेपछि स्ट्रेट अफ हर्मुजमा थप हिंसा हुने र तेल आपूर्तिमा अवरोध उत्पन्न हुने सम्भावना बढेको छ।

यस हप्ता चीनको भ्रमणमा जान लाग्नुभएका राष्ट्रपति ट्रम्पले आफ्नो चीन भ्रमणलाई सम्भवतः इरान युद्धको अन्त्यका प्रयासका लागि केन्द्रित गर्ने देखिएको छ।

उनले भने, "मैले भर्खरै इरानका तथाकथित 'प्रतिनिधिहरू' को प्रतिक्रिया पढेको छु। मलाई यो मन परेन। यो पूर्ण रूपमा अस्वीकार्य छ।"

इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आइतबार सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनेका छन्, "हामी शत्रुसामु कहिल्यै झुक्दैनौं र यदि वार्ता वा संवादको कुरा हुन्छ भने यसको अर्थ आत्मसमर्पण वा

बाँकी ४ पेजमा

# पुटिन निकट श्रोडरलाई मध्यस्थकर्ताको रूपमा अघि सार्न नहुने इयुका शीर्ष कूटनीतिज्ञको भनाइ

**ब्रसेल्स, २८ वैशाख।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अघि सारेका पूर्व जर्मन नेता गेरहार्ड श्रोडरलाई युक्रेन युद्धबारे युरोपसँग मध्यस्थता गर्ने मध्यस्थकर्ताका रूपमा गरेको प्रस्तावलाई स्वीकार्न नसकिने सोमबार युरोपेली सङ्घका विदेश नीति प्रमुख काजा कल्लासले बताएका छन्।

कल्लासले ब्रसेल्समा विदेश मन्त्रीहरूको वार्ताअघि पत्रकारहरूसँग भने, "यदि हामीले हाम्रो तर्फबाट वार्ताकार नियुक्त गर्ने स्थान र अधिकार रुसलाई दियौं भने त्यो बुद्धिमानी हुनेछैन।"

उनले भने, "श्रोडर रूसी राज्यको स्वामित्वमा रहेका कम्पनीहरूको पक्षधरता लिने उच्च-स्तरीय अधिकारी हुनुहुन्छ। यो स्पष्ट छ कि नेता पुटिनले किन उहाँलाई अघि सार्न चाहनुहुन्छ। वास्तवमा, उनी वार्तामा बस्नु भनेको टेबलको दुबै छेउबाट रूसको पक्षमा वार्तालाई अघि बढाउनु हुनेछ।"

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ। विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला। समयमा निर्णय लिन नसक्दा काम रोकिन सक्छ।

**वृष** — चिताएको काममा बिहानै जुट्नुहोला, सोचेजस्तै सफलता मिल्नेछ। सहयोगीले साथ दिनेछन् भने प्रतिस्पर्धीले समेत सहयोगका हात फैलाउन सक्छन्।

**मिथुन** — अध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ। सहयोगीहरूले साथ दिनेछन् र चिताएको काम सम्पादन हुनेछ।

**कर्कट** — मिहिनेतले व्यक्तित्व निखार्ने समय छ। दिगो योजना प्रारम्भ हुन सक्छ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ।

**सिंह** — आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। आफन्तजनबाट टाढिनुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ।

**कन्या** — दिउँसोसम्म समय विशेष लाभदायी रहनेछ। पेसा र व्यवसायले राम्रो लाभ दिनेछ। आयआर्जनका विविध स्रोत फेला पर्नेछन्।

**तुला** — आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ।

**वृश्चिक** — सामाजिक जिम्मेवारी प्राप्त हुनेछ। भाग्यले विभिन्न अवसर दिलाउन सक्छ। अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ।

**धनु** — समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ।

**मकर** — प्रियजनसँग भेटघाट हुनेछ। तर विचार नमिल्नाले आफ्नैसँग वादविवाद हुन सक्छ, सम्बन्ध कमजोर बन्ने समय छ। उधारो व्यापार गर्नुपर्ला।

**कुम्भ** — हिम्मत गर्दा चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।

**मीन** — सुखद् समाचारले प्रसन्नता दिलाउनेछ। सहयोगी जुट्नाले काम बनाउन सकिनेछ। पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

## जुम्लाको पीडा :

# न जहाज भरपर्दो, न सडक सुरक्षित

**गोल्डेन बुढा**
**जुम्ला, २८ बैशाख ।**

गत चैत २५ गते कडा मधुमेहका कारण स्वास्थ्य समस्या बल्झिएपछि जुम्लाको हिमा गाउँपालिका-६ का ७१ वर्षीय कलबहादुर अधिकारीलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत शिक्षण अस्पतालमा भर्ना गरियो ।

त्यहाँ मधुमेह नियन्त्रण भएन । त्यसमाथि 'प्रोस्टेट' को समस्या बढेपछि शिक्षण अस्पतालले 'युरो सर्जरी' का लागि बाँकेको नेपालगन्ज रिफर गर्‍यो । जुम्लाबाट छिट्टै अस्पताल पुर्‍याउन बिरामीका आफन्तले दिनभर जहाज कुरे । तर उडान भएन । बिरामीको अवस्था जटिल बनेपछि हिमा गाउँपालिकाको एम्बुलेन्समार्फत नेपालगन्ज लैजाने निधो भयो । तर, उनीहरू नेपालगन्ज पुग्न पाएनन् ।

०१००१ भ ००२४ नम्बरको उक्त एम्बुलेन्स कालीकोटको खाडाचक्र नगरपालिका-२ मेयरखोलानजिक दुर्घटना हुँदा कलबहादुरका छोरा ३२ वर्षीय भीमबहादुर अधिकारी र हिमा-७ मचीगाउँका एम्बुलेन्स चालक २६ वर्षीय शक्तिबहादुर शाहीको मृत्यु भयो । बिरामी अधिकारी घाइते भए । 'त्यस दिन प्लेन आएको भए मेरो उपचार सहज हुन्थ्यो,' अधिकारीले भने, 'अकालमै छोरा गुमाउनुपर्‍यो ।'

जुम्लामा सडक जीर्ण र जोखिमपूर्ण भएकाले सर्वसाधारण सुरक्षित यात्राका लागि जहाज कुर्छन् । तालिकाअनुसार उडान नहुँदा एकातिर सास्ती त छँदै छ, अर्कोतिर बिरामीहरू समयमै अस्पताल पुग्न पाइरहेका छैनन् ।यस्तैमध्येकी एक हुन्, जुम्लाको चन्दननाथ नगरपालिका-८ की २१ वर्षीया सवि कामी । मुटु, छाती र फोक्सोमा समस्या देखिएपछि उनी सोमबार प्रतिष्ठानको शिक्षण अस्पतालमा भर्ना भइन् । उनलाई अस्पतालले नेपालगन्ज रिफर गरेको छ । जहाजमै अक्सिजन लगाएर लैजान चिकित्सकले सल्लाह दिएका छन् ।

'बुधबार सेड्युल भए पनि जहाज आएन,' उनका भाइ विनोद कामीले भने, 'मौसमको कारण भन्दै उडान नभएपछि शिक्षण अस्पतालमै फर्किनुपर्‍यो ।' जुम्लाको तिला गाउँपालिका-८ की दुर्गा रावतलाई लामो समयदेखि 'ग्यास्ट्रिक' को समस्या छ । मंगलबार समस्या बढेपछि उपचारका लागि नेपालगन्ज जाने योजना बनाइन् ।




'गाडीबाट कष्टकर यात्रा गर्न सकिन्न,' उनले भनिन्, 'बुधबार नेपाल एयरलाइन्सको फ्लाइट थियो, त्यसैले विमानस्थल पुगेँ । दुई दिनसम्म मौसमको समस्या देखाउँदै उडान भएन । अन्तिममा टिकट रद्द गर्नुको विकल्प भएन ।' पर्यटकीय मौसम सुरु भएको भन्दै यतिबेला निजी विमान कम्पनीका जहाजहरू मुलुकका पूर्वी जिल्लातर्फ केन्द्रित भएपछि कर्णाली उडानविहीन जस्तै बनेको छ ।

नेपाल वायुसेवा निगमको जहाजको उडान पनि मौसम तथा प्राविधिक कारण देखाउँदै पटक-पटक रद्द हुने गरेको छ ।गत साता नेपाल एयरलाइन्सले जुम्लाका लागि नेपालगन्जबाट आइतबार, मंगलबार र बुधबार तथा सुर्खेतबाट मंगलबार उडान गर्ने तालिका सार्वजनिक गरेको थियो ।'तर मंगलबार मात्रै उडान भयो, अरू सबै उडान रद्द भए,' स्थानीय चन्द्रलाल न्यौपानेले भने, 'उडान अवरुद्ध हुँदा बिरामीको ज्यान जोखिममा परिरहेको छ ।'

२ सय ३२ किलोमिटरको कर्णाली राजमार्ग 'सिंगल लेन' को छ । सोही कारण स्थानीयलाई महँगो भए पनि जहाजकै भर पर्नुपर्ने बाध्यता रहेको न्यौपाने बताउँछन् ।'सामान्य पानी परे पनि गाडी नरोकिएको र हिलोमा नफसेको दिनै हुँदैन । एउटा गाडी रोकिए घण्टौं जाम हुने समस्या छ,' उनले भने, 'त्यसमाथि पाँच वर्षअघि गरिएको राजमार्गको कालोपत्र पूरै उप्किएपछि हिउँदमा सडक धुलाम्मे हुने गरेको छ ।'

नेपाल एयरलाइन्स जुम्ला स्टेसन इन्चार्ज उमाकान्त अधिकारीले मौसम खराबीले उडानमा समस्या भइरहेको दाबी गरे ।'सेड्युल भएपछि यात्रुलाई विमानस्थलमा बोलाउँछौं,' उनले भने, 'तर जहाज नै नआएपछि फर्काउनुपर्ने बाध्यता छ ।'उनका अनुसार हरेक उडानमा २/२ सिट बिरामी र सरकारी कर्मचारीका लागि छुट्याइएको छ ।जुम्लामा सीता, तारा, समिट र नेपाल एयरलाइन्सले उडान गर्दै आएका छन् ।

यात्रु अभाव देखाउँदै निजी एयरलाइन्सले दैनिकजसो उडान रद्द गर्ने गरेको स्थानीयको गुनासो छ ।जहाज नियमित नहुँदा रिफर गरिसकेका बिरामीलाई समेत फर्काएर फेरि अस्पतालमै भर्ना गर्नुपर्ने बाध्यता रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका निर्देशक डा. कमल थानीले बताए ।

नेपाल एयरलाइन्सले नेपालगन्ज-जुम्ला उडानका लागि ८ हजार ९ सय ३३ रुपैयाँ भाडा लिने गरेको छ । निजी एयरलाइन्सको भाडा ६ हजार ५ सय रुपैयाँ तोकिएको छ । नेपाल एयरलाइन्सले जुम्लाका लागि आइतबार, मंगलबार र बुधबार उडान तालिका सार्वजनिक गरेको छ । त्यस्तै, जुम्लादेखि नेपालगन्ज आइतबार, मंगलबार र बुधबार, सिमकोट-नेपालगन्ज सोमबार र बुधबार, ताल्चा-नेपालगन्ज आइतबार, मंगलबार, बिहीबार र शुक्रबार तथा डोल्पा-नेपालगन्ज उडानमा मंगलबार, बिहीबार र शुक्रबारको तालिका बनाइएको छ ।

गत वर्ष २०८० पुस ८ गते जुम्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेको उपस्थितिमा तथा जिल्ला समन्वय समिति प्रमुख गौरीनन्द आचार्यको समन्वयमा जुम्ला विमानस्थलमा सेवा दिइरहेका तारा, सीता, समिट र नेपाल एयरलाइन्सबीच पारदर्शी रूपमा टिकट वितरण गर्ने निर्णय भएको थियो । निर्णयअनुसार प्रत्येक वायुसेवा कम्पनीले आफ्नै जिएसएसँग सहकार्य गरी कार्यालय खोली डायरीमा नाम दर्ता गरेर टिकट बिक्री गर्ने, उडान हुन नसकुञ्जेल कार्यालय सञ्चालन गर्ने र भोलिपल्टको टिकट एक दिन अगावै वितरण गर्ने व्यवस्था मिलाउने भनिएको थियो ।

त्यस्तै, प्रत्येक उडानका १० सिटमध्ये केही सिट बिरामी, अशक्त, सुरक्षाकर्मी तथा आपत्कालीन यात्रुका लागि प्राथमिकताका आधारमा छुट्याउने सहमति पनि गरिएको थियो ।तर ती निर्णय कार्यान्वयन नहुँदा स्थानीय नागरिकले अझै उस्तै सास्ती भोग्नुपरेको छ ।२०८२ पुस ६ गते जुम्ला नागरिक उड्डयन कार्यालय प्रमुख प्रदीप अर्यालको संयोजकत्वमा 'सुरक्षित, भरपर्दो, नियमित र सर्वसुलभ हवाई यातायात' विषयक कार्यक्रम पनि सम्पन्न भएको थियो । त्यसक्रममा हवाई सेवा सुधारसम्बन्धी थप निर्णय गरिएका थिए ।

निर्णयअनुसार वायुसेवा कम्पनीहरूले बिरामी, अशक्त तथा अत्यावश्यक यात्रुका लागि केही सिट स्थानीय स्तरमै वितरण गर्ने र बाँकी सिट अनलाइन प्रणालीमार्फत बिक्री गर्ने व्यवस्था यथाशीघ्र लागू गर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने भनिएको थियो । साथै, नेपाल वायुसेवा निगमका प्राविधिक कर्मचारी काठमाडौंबाटै यात्रुसँगै उड्दा सिट अभाव र राजस्व घाटा भएको भन्दै उनीहरूको 'बेस स्टेशन' नेपालगन्ज वा सुर्खेतमा राख्न ध्यानाकर्षण गराउने निर्णय गरिएको थियो ।

# सरकारी कार्यालयमा सरसफाई अभियान

**युग संवाददाता**
**काठमाडौँ, २८ वैशाख ।**

सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउनका लागि आजदेखि सरकारी कार्यालयमा 'राष्ट्रिय सरसफाइ सप्ताह' सञ्चालन सुरु हुँदैछ । सरकारले सोमबारदेखी जेठ १ गतेसम्म संघ, प्रदेश र स्थानीय तहका सबै कार्यालयमा सरसफाइ सप्ताह सुरु गर्न थालेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक विशेष मार्गदर्शन जारी गर्दै सङ्घीय मन्त्रालयदेखि स्थानीय तहसम्मका सबै निकायलाई यस अभियानमा सक्रिय सहभागी हुन निर्देशन दिएको छ । यस राष्ट्रिय अभियानको औपचारिक शुभारम्भ सोमबार बिहान ८:३० बजे वीर अस्पतालबाट हुनेछ । अभियानले सरकारी निकायहरूमा न्यून लागतमा अधिकतम प्रतिफल प्राप्त हुने गरी सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य सरकारले जारी गरेको 'सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३' मा उल्लेख छ ।

सरकारी कार्यालयहरूमा नियमित सरसफाइ र फोहोर व्यवस्थापनको स्पष्ट मापदण्ड नहुँदा सेवा प्रवाह, कर्मचारी र सेवाग्राहीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको सन्दर्भमा यो मार्गदर्शन तयार पारिएको हो ।

"सरकारी निकायहरूमा स्वच्छ र सुरक्षित कार्य वातावरण कायम गर्न प्रभावकारी सरसफाइ व्यवस्थापन आवश्यक छ", मार्गदर्शनको पृष्ठभूमिमा उल्लेख गरिएको छ । मार्गदर्शनअनुसार सरकारी सूचना बोर्ड, नागरिक बडापत्र र सङ्केत चिह्नहरू स्पष्ट र व्यवस्थित हुनुपर्नेछ । चर्किएका वा उक्किएका भित्ताहरूको मर्मत र रङ्गरोगन गरिनेछ । मुख्य सेवा क्षेत्र र प्रवेशद्वारलाई आकर्षक र सफा राखिनेछ ।

त्यस्तै, सबै शौचालयलाई दुर्गन्धरहित बनाइनेछ र नियमित पानीको व्यवस्था सुनिश्चित गरिनेछ । हात धुने स्थानमा साबुन अनिवार्य गरिएको छ र दैनिक सफाइको अभिलेख राख्नुपर्नेछ । शौचालयहरू महिलामैत्री, 'स्यानिटरी डिस्पोजल' सुविधायुक्त र सम्भव भएसम्म अपाङ्गतामैत्री हुनुपर्नेछ ।

सरकारी कार्यालयहरूले कम्तीमा दुई प्रकारका 'डस्टबिन' राखी कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्नेछ । पुराना काम नलाग्ने सामानहरूको उचित व्यवस्थापन गरिनुका साथै खुला रूपमा फोहोर जलाउन पूर्ण प्रतिबन्ध लगाइएको छ ।

कार्यालय परिसरको १०० मिटर वरिपरिको क्षेत्र, नाली र ढलहरू सफा हुनुपर्नेछ । 'पार्किङ' क्षेत्रको सुधार र अव्यवस्थित तार वा पोस्टरहरू हटाउनुपर्ने सूचक राखिएको छ । कार्यालयमा 'हेल्प डेस्क'को व्यवस्था गरी सेवाग्राहीले सम्मानित र व्यवस्थित महसुस गर्ने वातावरण बनाइनेछ । सूचना प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ ।

**दिगोपन र अनुगमनको संयन्त्र**

अभियानलाई दिगो बनाउन प्रत्येक निकायले एक 'सरसफाइ सम्पर्क व्यक्ति' तोक्नुपर्नेछ । प्रत्येक हप्ताको सरसफाइ कार्यतालिका निर्माण गरी मासिक रूपमा स्व-मूल्याङ्कन गर्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ ।

यस अभियानको कार्यान्वयन र अनुगमनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखलाई सुम्पिएको छ, जसले यसको नियमित अभिलेख राख्नुपर्नेछ । अभियानले सबै सङ्घीय, प्रादेशिक र स्थानीय कार्यालयका साथै सार्वजनिक शैक्षिक संस्थाहरूलाई समेत समेट्नेछ ।

## बाँकेमा...

आएको आप्रवासी स्रोत केन्द्रमा हाल दुई जना सूचना तथा परामर्शकर्ता कार्यरत छन् । आस्था पोखरेल र विनिता बस्नेतले सेवाग्राहीलाई प्रत्यक्ष परामर्श प्रदान गर्दै आउनुभएको छ । जिल्ला प्रशासन कार्यालय नेपालगञ्जस्थित मुख्य केन्द्रसँगै कोहलपुरमा पनि उपकेन्द्र सञ्चालनमा रहेको छ, जसबाट ग्रामीण तथा आसपासका क्षेत्रका नागरिकलाई सहज पहुँच पुगेको छ ।

सेवा लिन केन्द्र पुगेका कोहलपुरका आरती पौडेल र कृष्णबहादुर खत्रीले सूचना र परामर्शबाट आफूहरू निकै लाभान्वित भएको प्रतिक्रिया दिए । वैदेशिक रोजगारीमा जाने तयारी गरिरहेका युवायुवतीका लागि यस्ता केन्द्र अत्यन्त उपयोगी भएको उनीहरूको भनाइ छ ।

सामी कार्यक्रमका जिल्ला कार्यक्रम संयोजक कमल सिंह नेपालीले आप्रवासी स्रोत केन्द्रलाई कार्यक्रमको "मुटु" का रूपमा व्याख्या गरे । उनका अनुसार यही केन्द्रमार्फत वैदेशिक रोजगारसँग सम्बन्धित आधारभूत सूचना, समस्या समाधान र आवश्यक सहजीकरण हुने गरेको छ ।

नेपालीले वैदेशिक रोजगारीका क्रममा हुने ठगी तथा समस्याका विषयमा पनि जानकारी दिनुभयो । उहाँका अनुसार चालू आर्थिक वर्षमा ठगी, अङ्गभङ्ग तथा अन्य समस्यासम्बन्धी ६५ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये १४ वटा मुद्दा समाधान भइसकेका छन् ।

त्यसैगरी, सामी कार्यक्रमले वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका व्यक्तिहरूलाई राहत दिलाउन सहजीकरण गर्दै आएको छ । हालसम्म ३३ लाख ६५ हजार रुपैयाँ बराबरको ठगी रकम पीडितलाई फिर्ता गराउन सहजीकरण गरिएको छ । गत आर्थिक वर्षको बाँकी ११ लाख ५० हजार रुपैयाँसमेत सहजीकरणमार्फत उपलब्ध गराइएको नेपालीले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयस्थित आप्रवासी स्रोत केन्द्रमा पत्रकारहरूको उपस्थितिमा गरिएको अनुगमनका क्रममा नेपालीले सामी कार्यक्रमले पाँच मुख्य क्षेत्रमा काम गरिरहेको बताए । उनका अनुसार कार्यक्रमले सूचनामा पहुँच, न्यायमा पहुँच अर्थात् कानुनी सहजीकरण, सीप विकास तालिम, मनोसामाजिक परामर्श तथा वित्तीय साक्षरताका क्षेत्रमा केन्द्रित भएर काम गरिरहेको छ ।

वैदेशिक रोजगारीलाई बाध्यता नभई सुरक्षित अवसरका रूपमा विकास गर्न आवश्यक चेतना अभिवृद्धि गराउने उद्देश्यले सामी कार्यक्रम सञ्चालन गरिएको उनले बताए । विशेषगरी ग्रामीण क्षेत्रका युवायुवतीलाई सही सूचना नहुँदा ठगीमा पर्ने जोखिम उच्च रहेकाले स्रोत केन्द्रले सचेतनामूलक भूमिका खेलिरहेको उनको भनाई छ ।

## विजुली...

कर्णाली, नलगाड, कर्णाली चिसापानी लगायतका ठुला जलविद्युत आयोजना हुन् । यी आयोजनाहरु वर्षेनी निर्माणको चर्चा चल्ने तर अघि नबढ्ने आयोजना हुन् ।

सरकारको नीति अनुसार लगानीको वातावरण बन्ने हो र सम्भाव्यता अध्ययन भई कार्यान्वयनमा गइसकेका तर विभिन्न कारणले रोकिएका आयोजनाहरु तत्काल अघि बढाउने हो भने लक्ष्यअनुसारको बिजुली उत्पादन कर्णालीका नदीहरुले पुरा गर्नेछन् । त्यस्तै, ऊर्जा, वन, भूमि र वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिने उल्लेख छ । राष्ट्रिय ग्रिड नपुगेका क्षेत्रमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत प्रणाली विस्तार गरिने नीति छ । यो कर्णालीका दुर्गम जिल्लाका लागि महत्वपूर्ण मानिएको छ ।

## कर्णालीको...

जिल्लाहरु छन् । यो नीतिले पनि कर्णालीको पर्यटन प्रवर्द्धनलाई नै सम्बोधन गर्नेछ । यदि थप १० मध्ये केही पदमार्ग कर्णालीमा पनि प्रवर्द्धन गर्न खोजियो भने भौगोलिक कठिनाईका कारण सडक पुऱ्याउन सम्भव नभएका पर्यटकीय क्षेत्रमा पर्यटकको आकर्षण बढ्नेछ ।

नीति तथा कार्यक्रममा उल्लेख गरिएको 'मध्यपहाडी राजमार्गको स्तरन्नोति तिव्र पार्ने' बुँदाले कर्णालीलाई विशेष सहजता हुनेछ । मध्यपहाडी राजमार्गकले कर्णालीका दैलेख, जाजरकोट र रुकुम पश्चिमलाई समेटछ । यो खण्डको अन्यत्र सबै काम पूरा भएपनि जाजरकोटमा भने मुख्य दुई ठूला समस्या खडा भएका छन् ।

जाजरकोटको मन्ताभिरमा कडा चट्टानका कारण करिब एक किलोमिटर ट्र्याक नै खोल्न बाँकी छ भने जाजरकोट र रुकुम पश्चिमको चौरजहारी जोड्ने यो खण्डको भेरी नदीमा पुल बन्नै बाँकी छ । यी दुवै काम अलपत्र परेको दशक बढी बढी भयो । मन्ताभिरमा ट्र्याक खोल्ने काम हाल चलिरहेको छ । पुलको काम अघि बढेको छैन ।

सहरी पूर्वाधार कमजोर भएका पालिकालाई प्राथमिकतामा राखेर वृहत सहरीकरण योजना अघि बढाउने कुरा नीति तथा कार्यक्रममा उल्लेख छ । यसको कार्यान्वयनले कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगरको विकासमा थप टेवा पुग्नेछ । गुरुयोजना मुताविक सहरीकरण हुन नसकेको वीरेन्द्रनगर उपत्यकालाई उपमहानगरपालिका बनाउने योजना छ ।

जसअनुसार वीरेन्द्रनगरले पनि पूर्वाधार विकासको काम गरिरहेको छ । यद्यपि संघीय सरकारको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रको उक्त बुँदाको प्रभावकारी कार्यान्वयनले नगरपालिकाको यो योजनालाई थप सहयोग पुग्नेछ ।

नीति तथा कार्यक्रममा ' मध्यपहाडी आसपासका नयाँ सहरलाई पहिचानयुक्त सहरका रुपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार र स्थानीय आर्थिक सम्भावनासँग जोडिने' उल्लेख छ । यसले कर्णाली प्रदेश भित्रका दुईवटा ठाउँको विकासमा टेवा पुग्नेछ । दैलेखको राकम उपत्यका र रुकुम पश्चिमको चौरजहारी उपत्यका मध्यपहाडी राजमार्गमा पर्ने नयाँ सहरमध्येका दुई वटा सहर हुन् ।

यी दुई ठाउँमध्ये चौरजहारी उपत्यकामा पूर्वाधार विकासको कामले तिव्रता पाएको छ । राकम उपत्यकामा भने आवश्यक पूर्वाधार निर्माणको काम हुन सकेको छैन । उक्त नीतिको कार्यान्वयनले यी दुई क्षेत्र र आसपासको बसाइँसराईको ट्रेण्डलाई नै प्रभाव पार्न सक्छ । नीति तथा कार्यक्रममा जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माणमा प्राथमिकता दिने भनिएको छ ।

यसको कार्यान्वयनले १७ कार्तिक २०८० को भूकम्पबाट प्रभावित जाजरकोट र रुकुम पश्चिमका नागरिकलाई राहत हुनेछ । अघिल्ला नीति तथा कार्यक्रमहरु पनि लगातार यो नीति लिईएपनि प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन । प्रभावितहरुको समस्या समाधानका लागि जाजरकोटमा छुट्टै कार्यालय स्थापना गरिएको छ । हालसम्म डिडीए (डिटेल ड्यामेज एसेसमेन्ट) को काम पनि सकिएको छैन । जसका कारण नागरिकहरु अझै पनि जोखिमयूक्त अस्थायी टहरामा बस्न बाध्य छन् ।


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२९**

पञ्चपुरी नगरपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सुर्खेत जिल्ला अन्तरगत पञ्चपुरी नगरपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, सिचाई र बाढी नियन्त्रण योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

| समुह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समुह क | चनाली खानेपानी तथा सरसफाइ योजना पञ्चपुरी- ४<br>भुतेछहरा सिँचाइ योजना पञ्चपुरी -१<br>आँपसैनी सिँचाइ योजना पञ्चपुरी -५ | ७३,७०,५१७।०० (अक्षरेपी त्रिहत्तर लाख सत्तरी हजार पाँच सय सत्र रुपैंया मात्र) | ३०००।०० (अक्षरेपी तिन हजार रुपैया मात्र ) | बावियाचौर |
| समुह ख | बाँसमुहान खानेपानी तथा सरसफाइ योजना पञ्चपुरी- ८ | २०,१४,३१२।०० (अक्षरेपी बीस लाख चौध हजार तीन सय बाह्र रुपैंया मात्र) | ३०००।०० (अक्षरेपी तिन हजार रुपैया मात्र ) | बावियाचौर |
| समूह ग | खुर्सानी बारी बाढी नियन्त्रण योजना पञ्चपुरी- ९ | १२,११,११४।०० (अक्षरेपी बाह्र लाख एघार हजार एक सय चौध रुपैंया मात्र) | १०००।०० (अक्षरेपी एक हजार रुपैया मात्र) | बावियाचौर |

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन पञ्चपुरी नगरपालिकाको कार्यालयका साथै नगरपालिकाको र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ । पञ्चपुरी नगरपालिकाको वेभसाईटः panchapurimun.gov.np परियोजनाको वेभसाईटः www.laccp.org.np

२. दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्व माथि तोकिएको दस्तुर पञ्चपुरी नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, बिद्यापुर शाखामा रहेको खाता न. ४४२०१००३०१०१०००५ (राजस्व शीर्षक १४२२९) मा जम्मा गरेको सक्कलै भौचर सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र पञ्चपुरी नगरपालिकाको कार्यालयमा वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको परियोजना सहयोग इकाइ वीरेन्द्रनगर, सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। यदि कुनै सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिला भौचर पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १७ औं (सत्रौं) दिन पञ्चपुरी नगरपालिकाको कार्यालयमा दिउसो १ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाको सूचना पाटी तथा वेवपेज र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारी गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा पञ्चपुरी नगरपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना हेर्ने शाखामा सम्पर्क (९८४८८३५५७९/९८६८२४८७००) गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**

# तिलकेनीका दलित समुदाय सिँचाइ सुविधाबाट वञ्चित

**युग संवाददाता**
**कञ्चनपुर, २८ वैशाख ।**
भीमदत्त नगरपालिका-१० तिलकेनीस्थित चुरे फेदीको दलित बस्तीका बासिन्दा भरपर्दो विद्युत् सेवा नहुँदा सिँचाइ सुविधाबाट वञ्चित भएका छन् ।

बस्तीमा जडान गरिएका 'बोरिङ' पर्याप्त विद्युत् प्रसारण नहुँदा सञ्चालनमा आउन सकेका छैनन् । सिँचाइकै अभावमा स्थानीय बासिन्दाको खेतीपाती र पशुपालन व्यवसाय सङ्कटमा परेको छ ।

दशकअघि एक दातृ निकायले सिँचाइका लागि बोरिङ जडान गरिदिएको थियो । त्यसयता स्थानीयले आफ्नै लगानीमा पाँच-छ वटा थप बोरिङ पनि गाडेका छन् । तर बस्तीमा 'थ्रिफेज' विद्युत् लाइन नहुँदा कुनै पनि बोरिङ सञ्चालनमा आउन सकेका छैनन् । सिँचाइ अभावमा धान, गहुँ र मकैजस्ता बालीको उत्पादनले तीन महिना पनि खान नपुग्ने भएपछि अधिकांश भारतीय क्षेत्रमा मजदुरी गर्न बाध्य भएका छन् ।

स्थानीय वसन्ती लुहारका अनुसार सिँचाइ सुविधा नहुँदा खेतमा घाँसखेती गर्नसमेत समस्या भएको छ । "दूध बेचेर घरखर्च चलाउन भैँसी पाल्ने चाहना थियो", उनले भने, "तर खेतमा घाँसखेती गर्न नसक्दा त्यो योजना स्थगित गर्नुपरेको छ, खेतमा सिँचाइ नहुँदा अन्न पनि राम्ररी फल्दैन, अहिले परिवार चलाउन श्रीमान्‌को दैनिक मजदुरीनै पूरै परिवारको मुख्य सहारा बनेको छ ।"

स्थानीय पदम लुहारले पटक-पटक वडा कार्यालय, नगरपालिका र विद्युत् प्राधिकरणसम्म थ्रिफेज लाइन विस्तारको माग गर्दा पनि सुनुवाइ नभएको गुनासो गरे । "टुफेज लाइन त छ, तर त्यसले घरको बत्तीसमेत राम्रोसँग बल्दैन", उनले भने, "गर्मीमा पङ्खा चलाउन खोज्दा पनि राम्ररी चल्दैन, वर्षौंदेखि समस्या भेलिरहेका छौँ, तर समाधान भएको छैन ।"

बस्तीमा खानेपानीको केही व्यवस्था भए पनि सबै परिवार त्यसको पहुँचमा छैनन् । स्थानीय प्रेम कोलीका अनुसार करिब ३०० परिवार बसोबास गर्ने उक्त बस्तीमा केवल २०० मिटर मात्रै पाइपलाइन विस्तार गरिएको छ, जुन पर्याप्त नभएको उनी बताउँछन ।

बस्तीका अगुवा गोपाल महरका अनुसार तिलकेनीको दलित बस्ती नगरपालिका क्षेत्रकै सबैभन्दा पीडित बस्तीमध्ये एक हो । उनले भरपर्दो विद्युत्, सडक स्तरोन्नति, तटबन्ध र पुलजस्ता आधारभूत पूर्वाधारको अभाव रहेको बताए । "छिमेकी गाउँसम्म कालोपत्रे सडक पुगेको छ", उनले भने, "तर हाम्रो गाउँ पुग्ने सडक स्तरोन्नति नहुँदा वर्षौंदेखि सास्ती खेप्दै आएका छौं ।"

चुरे क्षेत्रबाट बग्ने खहरे खोलाले हरेक वर्ष जग्गा कटान गर्दै आएको छ । भू-क्षयका कारण बस्तीका कयौं परिवार विस्थापनको जोखिममा रहेको उनको भनाइ रहेको छ । हालसम्म प्रभावकारी तटबन्ध निर्माण हुन सकेको छैन । खोलामा पुल नहुँदा वर्षात्का बेला एक किलोमिटर दूरीमा पुग्नसमेत तीन किलोमिटर घुमेर जानुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन् ।

बस्तीका धेरै नागरिक अझै नागरिकताको प्रमाणपत्रबाट समेत वञ्चित छन् । आवश्यक कागजात जुटाउन नसक्दा नागरिकता बनाउन समस्या भएको स्थानीयको भनाइ छ । विसं २०२६ देखि त्यस क्षेत्रमा बसोबास गर्दै आए पनि श्रेस्ता कायम हुँदाहुँदै पनि लालपुर्जा प्राप्त गर्न नसकेको दलित समुदायको गुनासो छ ।

रोजगारी अभाव पनि बस्तीको अर्को प्रमुख समस्या बनेको छ । घर निर्माण, धातुबा वस्तुहरू निर्माण गर्ने, सिलाइकटाइलगायतको परम्परागत सीप भएका अधिकांश युवा काम नपाउँदा भारतमा सस्तो मजदुर बन्न बाध्य भएको स्थानीय बताउँछन् । "घरमा बस्दा काम पाइँदैन, भोकै बस्नुपर्ने अवस्था आउँछ", कैलराम ओडले भने, "त्यसैले भारत जान बाध्य भएका छौं ।"

बस्तीमा कक्षा-३ सम्म पढाइ हुने विद्यालय भए पनि आवश्यक फर्निचर, स्टेशनरी, कम्प्युटरलगायतका सामग्रीको अभाव रहेको स्थानीय बताउँछन् । "दलित समुदायको विद्यालय भनेर हेपिने गरिएको छ", विमला लुहारले गुनासो गरे ।

स्थानीयवासीले तिलकेनीको दलित बस्तीमा विद्युत्, सिँचाइ, सडक, तटबन्ध, पुल, शिक्षा र नागरिकताजस्ता आधारभूत सेवा सुविधाको तत्काल व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

# तटबन्ध उचाइ बढाउन स्थानीयको माग

**युग संवाददाता**
**टीकापुर, २८ वैशाख ।**
कैलालीको टीकापुर-५ दौलतपुरस्थित कर्णाली नदीमा निर्माण भइरहेको तटबन्ध उचाइ कम भएकाले उचाइ बढाउनुपर्ने स्थानीयले माग गरेका छन् । उचाइ होचो भएकाले नदीमा पानीको बहाव बढेका बेला जोखिम कम नहुने स्थानीयको गुनासो छ ।



नदी किनारको उचाइ १२ मिटर भए पनि नौ मिटर कङ्क्रिटसहित तटबन्ध र त्यसको माथि एक मिटर ग्राभेल गरेर १० मिटर मात्र बन्न थालेको भन्दै स्थानीयले किनारको उचाइ बराबर बनाउन माग गरेका छन् । वि.सं. २०७० मा चिसापानीमा पानीको बहाव १६ मिटर पुग्दा यहाँ १२ मिटर माथिबाट पनि पानी अति प्रवाह (ओभरफ्लो) भएर गाउँमा क्षति भएकाले तटबन्ध निर्माणमा समयमै ध्यान दिनुपर्ने कर्मीडाँडाका सिंहराज बुढामगरले बताए ।

"तटबन्ध दीर्घकालीन सोचका साथ बनाउनुपर्छ, यसअघि नै जोखिम मोलिसकेका नागरिक सुरक्षित राख्न तटबन्धको उचाइ पर्याप्त भएन", उनी भन्छन्, "दुई मिटर होचो बन्दैछ, यसको उचाइ कम भयो । उचाइ बढाउन सबै क्षेत्रबाट पहल गरिदिन आग्रह गर्दछु । बर्खामा नदीमा पानीको बहाव बढेमा जोखिम हुन्छ ।"

तटबन्धको उचाइ कम भएकै कारण बर्सातमा कर्णाली नदीको पानी गाउँमा पसेमा टीकापुर-५ मात्र नभई तल्लो क्षेत्रका वडा ६, ७, ८ र ९ लाई पनि असर गर्ने देखिन्छ । यहाँ हरेक वर्ष आउने बाढीले कर्णाली नदीको पानी बस्तीमा पस्ने जोखिम रहेको छ । हरेक वर्ष तटीय क्षेत्रका दर्जनौं परिवार बर्खामा घर छोड्नुपर्ने वाध्यता रहेको दक्षिण साहीपुरका बरघर धर्मराज जैशीको भनाइ छ । "अहिले बनिरहेको तटबन्ध उचाइ कम भएकाले जोखिम घट्ने देखिँदैन", जैसी भन्छन्, "स्थानीयको डर घटेको छैन ।"

यहाँ रानीजमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गत निर्माण कम्पनीले ठेक्का लिएर तटबन्ध गरिरहेको छ । आयोजनाले दिएको लागत अनुमानअनुसार काम गरिरहेको निर्माण कम्पनीले बताएको छ । "काम गर्ने क्रममा केही ठाउँहरू भत्काएर काम भइरहेको छ । भत्काएका ठाउँमा निर्माण चलिरहेको छ", निर्माण कम्पनीका साइड इञ्चार्ज ओभरसियर माधवप्रसाद लेखकले भने, "सम्झौताअनुसार काम भइरहेको छ ।"

रानीजमरा कुलरिया सिँचाइ आयोजनाका सुपरभाइजर रामकृष्ण चौधरी अहिलेको काम लागत अनुमानअनुसार नै भइरहेको बताए । "यस्तो लागत अनुमान किन बन्यो भन्नेबारे आफूलाई जानकारी छैन, मैले मेरो जिम्मेवारी निगरानी गर्ने काम गरिरहेको छु", उनले भने । कर्णाली नदीमा निर्माण कम्पनीले दुई हजार ३६३ घनमिटरको ठेक्का लिएर तटबन्ध निर्माण गरिरहेको छ ।

# पत्रकारको अधिकारका पक्षमा १५ बुँदे बुटवल घोषणापत्र जारी

**युग संवाददाता**
**रुपन्देही, २८ वैशाख ।**
प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको अधिकार तथा सञ्चार क्षेत्रको संरक्षणका विषयलाई केन्द्रमा राख्दै 'मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलन-२०८३' ले १५ बुँदे बुटवल घोषणापत्र जारी गरेको छ ।

नेपाल पत्रकार महासङ्घ रुपन्देहीले बैशाख २६ देखि २८ गतेसम्म बुटवलमा आयोजना गरेको सम्मेलनले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता र पूर्ण प्रेस स्वतन्त्रताको रक्षा, प्रवर्द्धन तथा कार्यान्वयनमा महासङ्घ प्रतिबद्ध रहेको जनाएको छ ।

घोषणापत्रमा श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन, पत्रकारका लागि न्यूनतम पारिश्रमिक सुनिश्चितता तथा सञ्चार गृहलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक कानुनी व्यवस्था गर्न सरकारसँग माग गरिएको छ ।

सम्मेलनले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै सीमित गर्ने सरकारको हालैको निर्णय तत्काल फिर्ता लिन आग्रह गरेको छ । यस्तो नीति प्रेस स्वतन्त्रतामाथिको अप्रत्यक्ष नियन्त्रणको प्रयास भएको ठहर गर्दै निजी तथा सामुदायिक सञ्चारमाध्यम आर्थिक रूपमा कमजोर बन्ने र सयौं पत्रकार तथा सञ्चारकर्मीको रोजगारी जोखिममा पर्ने चेतावनी दिइएको छ ।

साथै सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउन तथा निजी, सामुदायिक र सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न माग गरिएको छ । प्रदेश र स्थानीय तहले सञ्चारसम्बन्धी आवश्यक कानुन निर्माणमा पर्याप्त चासो नदिएको उल्लेख गर्दै सम्मेलनले संघीयताको मर्मअनुसार सञ्चारसम्बन्धी कानुन निर्माण गर्नुपर्नेमा जोड दिएको छ । त्यस्ता कानुन निर्माण गर्दा सरोकारवालासँग पर्याप्त छलफल र परामर्श गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

सामाजिक सञ्जालमार्फत फैलिने गलत तथा भ्रामक सूचनाले सञ्चार क्षेत्र र समाज दुवै प्रभावित बनेको भन्दै सम्मेलनले त्यस्ता गतिविधिलाई निरुत्साहित गरी व्यावसायिक सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न आग्रह गरेको छ । घोषणापत्रमा पत्रकारहरूका लागि सञ्चार उपकरण खरिदमा सहुलियतको व्यवस्था गर्न प्रदेश तथा स्थानीय सरकारसँग माग गरिएको छ भने जिम्मेवार, मर्यादित र आचारसंहिताप्रति संवेदनशील पत्रकारिता गर्न सम्पूर्ण सञ्चारकर्मीलाई आह्वान गरिएको छ ।

त्यस्तै, लुम्बिनी प्रदेश सरकारले गठन गरेको सञ्चार समन्वय परिषद्‌लाई प्रभावकारी बनाउन आवश्यक कानुनी व्यवस्था गर्न तथा स्वीकृत सञ्चारसम्बन्धी कार्यक्रम, योजना र बजेट तत्काल कार्यान्वयन गर्न पनि सम्मेलनले माग गरेको छ । पत्रकारिता क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन गर्न बुटवलमा सञ्चार सङ्ग्रहालय स्थापना गर्ने पहल गर्ने घोषणा समेत गरिएको छ ।

## अमेरिकी...

पछि हट्नु हुँदैन ।"

"अमेरिकी राष्ट्रपति ट्रम्पले यी प्रतिमागहरूलाई तत्काल अस्वीकार गर्नुले दुवै पक्षबीचको फराकिलो खाडललाई दर्शाउँछ र यसले तनावलाई तीव्र गतिमा कम गर्नुको सट्टा दीर्घकालीन अनिश्चितताको जोखिमतर्फ लाने सङ्केत गर्दछ," जापानी बैङ्क एमयुएफजीका लोयड चानले भने ।

"तेल बजारका लागि, यसले निरन्तर भू-राजनीतिक जोखिमको सम्भावनाको सङ्केत गर्दछ किनकि अब हर्मुजमा अवरोधहरू बढ्दै जानेछन्," चानले थपे ।

जापनस्थित इन्धन बजार विश्लेषकहरूले भनेका छन्, "अमेरिकी राष्ट्रपतिको भनाइ सार्वजनिक भएसँगै निक्केई ०.४ प्रतिशत र ह्याङ सेङ ०.३४ प्रतिशतले घटेको थियो तर सियोलको कोप्सी चार प्रतिशतले बढेको थियो ।"

टोकियोमा विशाल जापानी गेमिङ कम्पनीले शुक्रबार यस वर्ष कम नाफा कमाउने चेतावनी दिएपछि निन्टेन्डोको सेयरमा लगभग १० प्रतिशतले गिरावट आएको छ । यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय शिखर वार्ताका लागि तयारी गर्न चीन जानुअघि जापान र दक्षिण कोरिया भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

जापानमा बेसेन्टले मङ्गलबार प्रधानमन्त्री साने ताकाइचीलाई भेट्ने तयारी गरेका छन् । टोकियोले येनलाई सहयोग गर्न हालै बजार हस्तक्षेपको रिपोर्ट गरेको छ ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

**स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।**


नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।